स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



ऋचा शर्मासँगको भेटमा सहारा शर्माले एउटा सुझाव पाइन् एउटा राम्रो फेमिनिस्ट फिल्म बनाऊ न । सहाराका लागि अभिनेत्री शर्माको सुझाव चुनौतीपूर्ण थियो । फिल्म त बनाउने तर, कस्तो ? लामो दिमागी कसरतपछि सहाराले आफ्नै बाल्यकाल, अनुभव र सोचहरु सम्झिइन् । आफ्ना निजी सोचलाई उनले "एक मुट्ठी बादल"को आकार दिइन् । एउटा मर्मस्पर्शी दृश्यभाषा ! सहारा आफ्ना अभिनेत्रीद्वय निशा शर्मा र आँचल शर्मासँगै फिल्मबारे गफिइन् ।

आजको विचार...



बजेटले...
(दुई पेजमा)

डा. कल्याणराज शर्मा

फिल्म "लालीबजार"को देशब्यापी कमाइ ८ करोड रुपैयाँ ग्रस नाघेको छ । चलचित्र विकास बोर्डको बक्सअफिस कलेक्सनअनुसार यसको कमाइ ८ करोड १ लाख ९ हजार ६६५ रुपैयाँ ग्रस छ । सोही अवधिसम्म फिल्मलाई २ लाख ७६ हजार ९४४ जनाले हेरेका छन् । ५ हजार ५२३ जनाले विविध कारणले टिकट रिफन्ड गरेको समेत बोर्डले उल्लेख गरेको छ । शनिबारसम्मको कमाइ ७ करोड ९० लाख ३१ हजार ४६७ रहेको बोर्डले जनाएको छ । सोही अवधिसम्म यम थापा निर्देशित फिल्मलाई २ लाख ६० हजार २०२ जनाले हेरेका छन् ।



❐ वर्ष ३१ ❐ अंक ३०५ ❐ २०८३ जेठ २० गते बुधबार 3 June 2026, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### युक्रेनमा रूसी आक्रमण नौको मृत्यु

(रासस/एएफपी)

**किएभ (युक्रेन),** जेठ १९/युक्रेनमा भएको रूसी मिसाइल तथा ड्रोन आक्रमणका कारण नौ जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएको अधिकारीहरूले मंगलबार बताएका छन् । राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले मस्कोले नयाँ आक्रमण को तयारी गरिरहेको चेतावनी दिएको केही दिन पछि आक्रमण भएको जनाइएको छ । हाल घातक द्वन्द्व अन्त्य गर्ने वार्ता ठप्प रहेको छ भने सन् २०२२ मा आक्रमण सुरु गरे देखि मस्कोले युक्रेनमा लगभग हरेक दिन आक्रमण गर्दै आएको छ । युक्रेनको राजधानीमा धेरै विस्फोटहरू भएको उल्लेख गर्दै रूसले ब्यालेस्टिक मिसाइलहरू प्रहार गरी आगो लगाएको र धेरै जिल्लाहरूमा बिजुली कटौती गरेको एएफपिले बताएको छ । सहरका मेयर भिटाली क्लिट्स्कोले सामूहिक आक्रमणमा चार जनाको मृत्यु भएको र दुई बालबालिका सहित कम्तीमा ५८ जना घाइते भएको बताएका छन् । सहरमा विस्फोट भई रहेको जनाउदै एयर डिफेन्स फोर्सले काम गरिरहेको र सुरक्षित स्थानमा बस्न क्लिट्स्कोले पहिले नै चेतावनी दिएका थिए । किएभ सहरको केन्द्रबाट धुवाँको ठूलो मुस्लो निस्कदै गर्दा स्थानीय बासिन्दाहरू झोला र कम्बलहरू समातेर आश्रय स्थलहरूमा हतार- हतार जादै गरेको एएफपीले जनाएको छ ।

# प्रधानमन्त्री बालेनको बचाउ गर्दै सरकार

## प्रवक्ता भन्छन् : 'प्रधानमन्त्रीले नेपालले भारतको जग्गा मिचेको छ भन्नुभएको छैन'

हाम्रा संवाददाता

**काठमाडौं,** जेठ १९/सरकारले प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहको हालैको अभिव्यक्तिलाई लिएर उठेका विभिन्न टिप्पणी र आलोचनाप्रति प्रतिक्रिया दिँदै उनको बचाउ गरेको छ । सरकारका प्रवक्ता तथा शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले प्रधानमन्त्रीले नेपालले पनि भारतको भूमि मिचेको छ भन्ने अभिव्यक्ति नदिएको भन्दै उनको बचाउ गरेका हुन् ।

मंगलबार मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्ने क्रममा सञ्चारकर्मीले सोधेको प्रश्नको जवाफ दिँदै प्रवक्ता पोखरेलले प्रधानमन्त्रीले नेपालले भारतको सीमा मिचेको भन्ने विषय सुन्दा आफू अचम्ममा परेको बताएको उल्लेख गरे । प्रधानमन्त्रीको सीमा विवादसम्बन्धी अभिव्यक्तिलाई अनावश्यक रूपमा विवादित बनाउन खोजिएको उनको भनाइ छ । उनले भने,"प्रधानमन्त्रीज्यूले त्यस्तो भन्नु भएकै छैन । प्रधानमन्त्रीज्यूले यस्तो कुरा आयो,म अचम्ममा परेँ भन्नुभएको विषयलाई विवादमा ल्याउन खोजियो । प्रधानमन्त्रीज्यूले के भन्नुभएको थियो, एकपटक रेकर्ड सुन्न सकिन्छ ।" यद्यपि आइतबारको प्रतिनिधिसभा बैठकमा



प्रधानमन्त्री शाहले लिपुलेक, कालापानी र लिम्पियाधुरा विवादमा कूटनीतिक रूपमा समाधानको प्रयास भइरहेको उल्लेख गर्दै दुवै देशले एक अर्काको जमिन मिचेको बताएका थिए । प्रधानमन्त्री शाहले भनेका थिए, "तपाईंहरूलाई एउटा कुरा अचम्म लाग्छ होला मैले पनि अस्ति भर्खर प्रधानमन्त्री भइसकेपछि थाहा पाएँ, भारतले नेपालको जग्गा मात्र होइन, नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ ।" तर मन्त्री पोखरेलले भने प्रधानमन्त्रीले सीमा विवादसम्बन्धी काम अगाडि बढाउँदा अर्को पक्षबाट नेपालले पनि सीमा मिचेको छ भन्नेकुरा आउँदा आफू अचम्मित परेको बताएको भनेर मंगलबार स्पष्ट पार्न खोजे । प्रधानमन्त्री शाहको उक्त अभिव्यक्तिको चौतर्फी आलोचना र विरोध भइरहेका बेला सरकार कमजोरी स्विकार्नुको साटो बचाउमा उत्रिएको हो । जबकि संसदमा समेत प्रधानमन्त्री बालेनले आफ्नो उक्त अभिव्यक्तिलाई पुष्टि गर्न तथ्य पेस गर्नुपर्ने कि त माफी माग्नुपर्ने भनेर विपक्षी राजनीतिक दलहरूले आवाज उठाइरहेका छन् । तर, सरकार भने एकपछि अर्को गर्दै राष्ट्रिय अखण्डताजस्तो संवेदनशील विषयमा बोलेको गल्ती ढाकछोप गर्न टालटुले जवाफको सहारा खोजिरहेको छ ।

-बाँकी अन्तिम पेजमा..

बिल-बिजकको प्रयोग अनिवार्य गरौं।

-हरेक खरिदमा अनिवार्य रूपमा बिल/रसिद मागौं,
-कानुनी रूपमा मान्य बिल-बिजक जारी गरौं,
-बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
-कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
-उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
-कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
-डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
-जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोबार गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बुद्ध परिपथ क्षेत्रको विकासका लागि सम्झौता



**सिद्धार्थनगर(भैरहवा),** जेठ १९/ बृहत्तर लुम्बिनी क्षेत्रलाई अन्तरराष्ट्रियस्तरको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले बुद्ध परिपथ निर्माणका लागि सम्झौता गरिएको छ । विश्व बैङ्कको आर्थिक सहयोगमा सञ्चालन हुन लागेको परियोजनाअन्तर्गत पर्यटन पूर्वाधार विस्तार, स्थानीय रोजगारी प्रवर्द्धन तथा गन्तव्य व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्न हालै यहाँका चार स्थानीय तहसँग विकास साझेदारी सम्झौता गरिएको हो ।

सहरी विकास तथा भवन निर्माण विभाग र कपिलवस्तु, लुम्बिनी सांस्कृतिक, रामग्राम तथा देवदह नगरपालिकाबीच परियोजना कार्यान्वयनसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो । सम्झौतामा विभागका महानिर्देशक रवीन्द्र बोहरा तथा सम्बन्धित नगरपालिकाका प्रमुख एवं प्रतिनिधिले हस्ताक्षर गरेका छन् । विश्व बैङ्कले बृहत्तर लुम्बिनी क्षेत्रको पर्यटन विकास तथा स्थानीय आर्थिक गतिविधि विस्तारका लागि करिब ८५ मिलियन अमेरिकी डलर (करिब रु १२ अर्ब ६६ करोड) बराबरको ऋण सहयोग उपलब्ध गराउने निर्णय गरिसकेको छ । पाँच वर्ष सञ्चालन हुने परियोजनाअन्तर्गत प्रत्येक नगरपालिकामा करिब रु ४६ करोड बराबरको लगानी गरिने जनाइएको छ । लुम्बिनी सांस्कृतिक नगरपालिकाका इन्जिनियर आशिषकुमार यादवका अनुसार आगामी आर्थिक वर्षको सुरुआत मै परियोजनाअन्तर्गत पहिलो किस्ताका रूपमा प्रत्येक नगरपालिकामा करिब नौ करोड उपलब्ध गराइनेछ ।

-बाँकी अन्तिम पेजमा..

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना

# सम्पादकीय

## नसर्ने रोगहरुको बढ्दो जोखिम

नसर्ने रोगहरू आज विश्वव्यापी रूपमा जनस्वास्थ्यको प्रमुख चुनौती बनेका छन् । मुटुरोग, क्यान्सर, मधुमेह, दीर्घ श्वासप्रश्वाससम्बन्धी रोग तथा उच्च रक्तचापजस्ता रोगहरू एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दैनन्, तर यिनको प्रभाव अत्यन्त गम्भीर हुन्छ । नेपालमा पनि नसर्ने रोगका बिरामीहरूको संख्या निरन्तर बढिरहेको छ, जसले स्वास्थ्य प्रणाली, अर्थतन्त्र र सामाजिक जीवनमा गहिरो असर पारिरहेको छ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)को तथ्याङ्कअनुसार हाल विश्वव्यापी मृत्युको करिब ७१ प्रतिशत नसर्ने रोगका कारण भइरहेको छ भने सन् २०३० सम्म यो दर ७९ प्रतिशत पुग्ने अनुमान गरिएको छ । नेपालमा पनि ३० देखि ७० वर्षको उमेरका करिब २२ प्रतिशत जनता अकाल मृत्युको जोखिममा रहेको तथ्याङ्कले समस्या कति गम्भीर छ भन्ने पुष्टि गर्छ । पछिल्ला वर्षमा नेपालमा मुटुरोग, मधुमेह, क्यान्सर, दम तथा मिर्गौलासम्बन्धी समस्याका कारण मृत्युदर उल्लेखनीयरुपमा बढेको छ । जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ अनुसार मोटोपना र बढी तौलको समस्या विशेषगरी महिलामा तीव्ररुपमा बढेको पाइएको छ । सन् २०१६ मा २२.२ प्रतिशत रहेको दर २०२६ सम्म आइपुग्दा ७१ प्रतिशत पुग्नु चिन्ताको विषय हो । बदलिँदो र विलासी जीवनशैली, खानपिन, प्रशोधित खाना, चिल्लो पदार्थ तथा चिनीजन्य खानेकुराको प्रयोग र शारीरिक श्रमको कमी यसका मुख्य कारण हुन् । शहरीकरण र बदलिँदो जीवनशैलीका कारण मानिसहरू नियमित व्यायामभन्दा प्रविधिमा बढी निर्भर हुन थालेका छन् । फलस्वरूप मोटोपना, उच्च रक्तचाप र मधुमेहजस्ता समस्या कम उमेरमै देखिन थालेका छन् । नसर्ने रोगहरूको सबैभन्दा चिन्ताजनक पक्ष भनेको यिनीहरू प्राय: प्रारम्भिक चरणमा लक्षणविहीन हुनु हो । धेरै व्यक्तिले रोग गम्भीर अवस्थामा पुगेपछि मात्र उपचार खोज्ने गर्छन् । यसले उपचार खर्च बढाउनुका साथै मृत्युको जोखिम पनि उच्च बनाउँछ । तसर्थ नियमित स्वास्थ्य परीक्षण र समयमै रोग पहिचान अत्यन्त आवश्यक छ ।

## Opinion @ Social Network

तिमीले भोगेको संघर्ष कसैले देख्दैन,
तर तिम्रो सफलता सबैले देख्नेछन् ।
*(गोविन्द रानाको फेसबुक स्टाटसबाट www.facebook.com/Gobinda.Rana)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बजेटले लिएको अर्थतन्त्र रुपान्तरणको नयाँ पहल



डा. कल्याणराज शर्मा

*अर्थशास्त्रीय दृष्टिकोणबाट मध्यमवर्गलाई अवसरवादी र कतिपय अवस्थामा एउटा तहसम्म पुगेपछि यो तप्काले काम नगर्ने बरु अर्थतन्त्रमै मिडिल इनकम ट्रयापको जोखिम रहने भनेर व्याख्या पनि गरिएको हुन्छ । तर हाम्रोमा मध्यम वर्गलाई कुनै न कुनै तरिकाले प्रोत्साहन र संरक्षण गर्दै राष्ट्रिय पुँजी निर्माणमा योगदान गर्न सक्ने र अर्थतन्त्रको ड्राइभिङ फोर्सका रुपमा स्थापित गर्नैपर्ने छ जुन नयाँ बजेटले व्यवस्था गरेको छ । नेपालको मध्यम वर्ग राज्यको नियमन, हौसला र सहजीकरणमा फस्टाउने अवस्था रहेमा मात्र यसले अवसरवादको फेरो समात्दैन नत्र 'चुच्चे ढुङ्गो उही टुङ्गो' बन्छ । यसकारण पनि आगामी आवको बजेटले मध्यमवर्गलाई परिचालन गर्ने, थप जिम्मेवार बनाउने, राजस्व संकलनको दिगो हिस्सा बनाउने दीर्घकालीन बाटो अंगालेको छ । यो निकै सकारात्मक पहल हो । डिजिटल भुक्तानीको माध्यमबाट उपभोक्ताले गर्ने खरिदमा बीजक जारी हुँदाकै समयमा मूल्य अभिवृद्धि करको दश प्रतिशत छुट पाउने व्यवस्था पनि मध्यम वर्गकै दैनिक जीवनमा प्रत्यक्ष असर गर्ने कदम हो । किनमेलमा छुट पाउने, बीजक माग्ने संस्कार बस्ने र कर अनुपालन बढ्ने क्रम सँगसँगै चल्दा अनौपचारिक अर्थतन्त्र संकुचित हुँदै जानेछ ।*

गत वर्षभन्दा थोरै ठूलो आकारसहितको बजेट शुक्रबार सार्वजनिक भएसँगै देशभित्र र बाहिर यसप्रति चासो बढेको छ । आगामी आव २०८३/८४ का लागि ल्याइएको २१ खर्ब २४ अर्बको बजेटमा अपेक्षा अनुरुपका योजना समेटिएको र झण्डै दुई तिहाईको जनमत प्राप्त सरकारको बजेटप्रति निकै भरोसा छन् ।अर्थमन्त्री डा. स्वर्णिम वाग्लेकै भनाईमा विद्यमान कर संरचनामा व्यापक हेरफेर, संरचनात्मक सुधार र सुशासन तथा सामाजिक सुरक्षाका नयाँ कार्यक्रमसहित यो बजेट ल्याइएको छ । यसको कार्यान्वयनसँगै आगामी केही वर्षमै देशको आर्थिक क्षमतामा बढोत्तरी आउने र आर्थिक सामाजिक क्षेत्रमा रुपान्तरणकारी भूमिका निर्वाह गर्नेछ । बजेट अर्थतन्त्रको समग्र सुधारमा केन्द्रित रहेको र नीतिगत तथा कानुनी सुधारका लागि व्यापक कार्यक्रमसहित आएको छ । निजी क्षेत्रलाई यो बजेटले थप बलियो बनाएको छ भने लगानीका लागि नयाँ ढोका खोलिदिएको छ । सबैभन्दा नयाँ फड्को त डिजिटल अर्थतन्त्र र कृषि विकासका लागि गरेको छ । संघीयतालाई थप बलियो बनाएको छ र सुशासनको जग र थिति स्थानीय तहबाटै संस्थागत गर्ने प्रयास गरेको छ । यो बजेटको सबैभन्दा उल्लेखनीय पक्ष भनेको मध्यम वर्गको जीवनस्तरमा ठोस प्रभाव पार्ने कर सुधारको साहसिक कदम हो । सबैले अभिव्यक्ति दिएजस्तै बजेटले मध्यमवर्गलाई थप सिर्जनशिल बन्न र आयआर्जनमा अगाडि बढाउन पहलकदमी लिएको छ ।

व्यक्तिगत आयकर छुटको सीमा एकैपटक दोब्बर गरी दश लाख रुपैयाँ पुर्‍याइएको छ भने व्यक्तिगत आयकरको अधिकतम दरलाई दश प्रतिशत विन्दुले घटाइएको छ । अहिलेसम्म प्रतिमहिना खर्च घटाउने वा बचत गर्ने उपाय नखोजी दिन काटेको मध्यम वर्गलाई यो परिवर्तनले वर्षमा उल्लेखनीय रकम जोगाउने अवसर दिन्छ । अर्थशास्त्रीय दृष्टिकोणबाट मध्यमवर्गलाई अवसरवादी र कतिपय अवस्थामा एउटा तहसम्म पुगेपछि यो तप्काले काम नगर्ने बरु अर्थतन्त्रमै मिडिल इनकम ट्रयापको जोखिम रहने भनेर व्याख्या पनि गरिएको हुन्छ । तर हाम्रोमा मध्यम वर्गलाई कुनै न कुनै तरिकाले प्रोत्साहन र संरक्षण गर्दै राष्ट्रिय पुँजी निर्माणमा योगदान गर्न सक्ने र अर्थतन्त्रको ड्राइभिङ फोर्सका रुपमा स्थापित गर्नैपर्ने छ जुन नयाँ बजेटले व्यवस्था गरेको छ । नेपालको मध्यम वर्ग राज्यको नियमन, हौसला र सहजीकरणमा फस्टाउने अवस्था रहेमा मात्र यसले अवसरवादको फेरो समात्दैन नत्र 'चुच्चे ढुङ्गो उही टुङ्गो' बन्छ । यसकारण पनि आगामी आवको बजेटले मध्यमवर्गलाई परिचालन गर्ने, थप जिम्मेवार बनाउने, राजस्व संकलनको दिगो हिस्सा बनाउने दीर्घकालीन बाटो अंगालेको छ । यो निकै सकारात्मक पहल हो । सरकारी कर्मचारीको हकमा शुरू स्केलमा दश प्रतिशत तलब वृद्धिका साथै कार्यसम्पादनमा आधारित दश प्रतिशत प्रोत्साहन भत्ता थपिँदा न्यूनतम पारिश्रमिक करिब चालीस हजारदेखि एक लाखसम्म कायम हुनेछ । डिजिटल भुक्तानीको माध्यमबाट उपभोक्ताले गर्ने खरिदमा बीजक जारी हुँदाकै समयमा मूल्य अभिवृद्धि करको दश प्रतिशत छुट पाउने व्यवस्था पनि मध्यम वर्गकै दैनिक जीवनमा प्रत्यक्ष असर गर्ने कदम हो । किनमेलमा छुट पाउने, बीजक माग्ने संस्कार बस्ने र कर अनुपालन बढ्ने क्रम सँगसँगै चल्दा अनौपचारिक अर्थतन्त्र संकुचित हुँदै जानेछ । स्वास्थ्य क्षेत्रमा बजेटले ऐतिहासिक लगानी गरेको छ । झण्डै १०२ अर्ब विनियोजन गरिएको स्वास्थ्यतर्फ स्वास्थ्य बीमाको सर्वव्यापीकरणबाट आगामी तीन वर्षमा नब्बे प्रतिशत नेपाली नागरिक बीमाको दायरामा आउने अपेक्षा राखिएको छ । जसले मध्यम वर्गलाई ठूलो बिरामी पर्दा भोग्नुपर्ने आर्थिक संकटबाट उल्लेखनीय रूपमा जोगाउन सक्छ । बालबालिकाको क्यान्सर उपचार सरकारी अस्पतालमा नि:शुल्क हुने व्यवस्था र हाई अल्टिच्यूड सिकनेस उपचार सेवाको विस्तारले स्वास्थ्य सेवाको पहुँचलाई थप व्यापक बनाउनेछ । शिक्षा क्षेत्रमा २१८ अर्ब विनियोजन गरिएकोमा विदेशमा रहेका युवालाई खुला विश्वविद्यालयमार्फत अध्ययनको अवसर, उद्योग र श्रम बजारसँग प्रत्यक्ष आबद्ध माग-आधारित सीप प्रणाली विस्तार र राष्ट्रिय योग्यता ढाँचा लागू गरी प्रवासी तथा अनौपचारिक श्रमिकको सीपलाई औपचारिक मान्यता दिने नीति मध्यम वर्गको दीर्घकालीन आयआर्जन र सामाजिक गतिशीलतामा सकारात्मक योगदान गर्नेछ । र्‍याकिङमा अन्तर्राष्ट्रिय स्तरमा रहेका विश्वविद्यालयलाई नेपालमा क्याम्पस सञ्चालन गर्न प्रोत्साहन दिने व्यवस्थाले उच्च शिक्षाका लागि विदेश पठाउनुपर्ने बाध्यता र खर्च दुवै घटाउने सम्भावना छ । समग्र अर्थतन्त्रको रूपान्तरणकारी चरित्र बुझ्न भने उद्योग, ऊर्जा र प्रविधि क्षेत्रका नीतिहरूलाई ध्यान दिनुपर्छ । काठमाडौँको स्यूचाटारमा देशकै पहिलो सार्वभौम एआई कम्प्युट केन्द्र स्थापना, जलविद्युतलाई उच्च मूल्यको कम्प्युट सेवामा रूपान्तरण गर्ने र आगामी आर्थिक वर्षमा एक हजार चालीस मेगावाट थप क्षमता राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध हुँदा कुल जडित क्षमता ५५३५ मेगावाट पुग्ने अवस्थाले नेपाललाई ऊर्जा निर्यातकर्ताको भूमिकामा पुर्‍याउने आधार तयार हुँदैछ । यो केवल बिजुली बेच्ने मात्र होइन, ऊर्जालाई डिजिटल अर्थतन्त्रको आधारशिलामा रूपान्तरण गर्ने दीर्घकालीन सोच हो । व्यवसाय गर्ने वातावरण सुधारका लागि लगानी बोर्डबाट स्वीकृत परियोजनामा अन्य निकायबाट पुन: स्वीकृति नलिनुपर्ने, कम्पनी दताय, वित्तीय सेवा, कर प्रणाली र भिसा आवेदनलाई एकै प्रणालीमा आबद्ध गर्ने 'लगानी एक्सप्रेस' अवधारणाले निजी क्षेत्रलाई दशकौंदेखि सताउँदै आएको नोकरशाही झण्झटबाट मुक्त गर्ने लक्ष्य राखेको छ । स्टार्टअपलाई ऋणमात्र नभई अनुदान र वृद्धि पूँजीसम्मको व्यवस्था, नेपाली नागरिकलाई विदेशमा लगानी गर्न सहज बनाउने नीति र गैरआवासीय नेपालीलाई शेयर बजारमा सहभागी गराउने व्यवस्थाले पुँजी परिचालनको नयाँ ढोका खोल्नेछ । कृषि क्षेत्रमा २ करोडसम्म प्रारम्भिक पुँजी लगानी गर्ने किसानलाई ४० प्रतिशतसम्म प्रोत्साहन अनुदान र कृषि बीमाको प्रिमियममा ८० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने व्यवस्थाले व्यावसायिक कृषिलाई आकर्षक बनाउँदैछ । बजेट वक्तव्यमै अर्थमन्त्रीले कृषिलाई सम्मानजनक र लाभमुखी व्यवसायमा रूपान्तरण गर्ने उद्घोष गरेका छन् जुन मात्र नाराको रूपमा होइन, सिँचाई पूर्वाधार, बजारसम्मको पहुँच र प्रशोधन केन्द्र स्थापनाका ठोस प्रावधानसहित प्रस्तुत भएको छ । विनियोजनको संरचना हेर्दा कुल खर्चको १९ दशमलव ९ प्रतिशत वित्तीय व्यवस्थापनतर्फ र २२ दशमलव ३ प्रतिशत पुँजीगत खर्चतर्फ छुट्याइएको छ । राजस्व र वैदेशिक सहायताबाट न्यून हुने रकम पूर्तिका लागि आन्तरिक ऋण ४१० अर्ब परिचालन गर्नुपर्ने अवस्था छ जसले सार्वजनिक ऋणको भारलाई ध्यानमा राख्नुपर्ने सन्देश दिन्छ । तथापि ७ प्रतिशत आर्थिक वृद्धि र ६ प्रतिशत मूल्य वृद्धिदरभित्र सीमित राख्ने अनुमानित लक्ष्य यथार्थमा परिणत गर्न विनियोजित बजेटको कार्यान्वयन नै निर्णायक हुनेछ । आव २०८३।८४ को बजेट नेपालको आर्थिक इतिहासमा एउटा साहसिक मोड हो । कर सुधारदेखि प्रविधि लगानी र सामाजिक सुरक्षासम्म एकैसाथ गरिएका हस्तक्षेपहरू व्यापक छन् । मध्यम वर्गलाई कर बोझबाट राहत, स्वास्थ्य र शिक्षामा लगानीको सुरक्षा र रोजगारका नयाँ अवसर एकैपटक प्रदान गर्ने यो बजेट सरकारको नीतिगत दिशामा स्पष्ट परिवर्तनको संकेत हो । विगतमा पनि महत्वाकांक्षी बजेटहरू पूँजीगत खर्च नहुँदा अधुरै रहेका अनुभव छन् । त्यसैले यो बजेटको वास्तविक परीक्षण घोषणामा होइन, कार्यान्वयनमा हुनेछ । नागरिकको जीवनस्तरमा ठोस सुधार ल्याउन र आर्थिक रूपान्तरणको सपनालाई साकार पार्न बजेटले एउटा बलियो आधार तयार गर्दछ, तर यो कुरा इमानदार कार्यान्वयनमा निर्भर छ ।

***-अनलाइनखबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : काम ढिलो अघि बढ्न सक्छन्। परिस्थिति बुझेर कदम चाल्नु राम्रो हुनेछ।
**वृष** : भविष्यबारे सोच्ने समय मिल्न सक्छ। मनमा सकारात्मक ऊर्जा बढ्नेछ।
**मिथुन** : बोलेका शब्दले राम्रो प्रभाव छोड्नेछ। कामप्रतिको समर्पण देखिनेछ।
**कर्कट** : महत्वपूर्ण शिक्षा प्राप्त हुन सक्छ। मनले फराकिलो दृष्टिकोण खोज्नेछ।
**सिंह** : आर्थिक निर्णयमा सावधानी अपनाउनु राम्रो हुनेछ। धैर्यले फाइदा दिलाउनेछ।
**कन्या** : नरम व्यवहारले कठिन विषय सहज बनाउन सक्छ। सहिष्णुताले सम्मान दिलाउनेछ।
**तुला** : आरामलाई बेवास्ता नगर्नुहोस्। नियमितताले आत्मविश्वास बढाउनेछ।
**वृश्चिक** : केही नयाँ अनुभव गर्न खोज्नेछ। आफ्ना प्रतिभा देखाउने अवसर आउन सक्छ।
**धनु** : पुराना सम्झनाले मिठो अनुभूति दिलाउनेछ। आत्मीय सन्तोष दिनेछ।
**मकर** : नयाँ अवसरतर्फ डोर्‍याउन सक्छ। सक्रियताले दिन सफल बनाउनेछ।
**कुम्भ** : क्षमताप्रति विश्वास बढ्ने छ। सानो उपलब्धिले ठूलो उत्साह दिन सक्छ।
**मीन** : चाहना महसुस गर्न सकिनेछ। दिनले सकारात्मक अनुभूति प्रदान गर्नेछ।

कला मनोरञ्जन

# अभिनेता मन्चिनले खोले 'इलोरा हेयर एन्ड ब्युटी लाउन्ज'



सन् २०१७ मा प्रदर्शन भएको फिल्म 'द विनर'का अभिनेता तथा मोडल मन्चिन शाक्यले काठमाडौँको कमलादी कुलरत्न मार्गस्थित सिटिजन्स बैंक अगाडि सुविधासम्पन्न 'इलोरा हेयर एन्ड ब्युटी यूनिसेक्स लाउन्ज' सञ्चालनमा ल्याएका छन् । आइतबार गायक द्वय रामकृष्ण ढकाल र निमा रुम्बाले संयुक्त रूपमा रिवन काटेर उक्त लाउन्जको शुभारम्भ गरे । उद्घाटनको अवसरमा लाउन्जले ग्राहकहरूका लागि आगामी एक हप्तासम्म आफ्ना सबै सेवाहरूमा ५० प्रतिशत छुट दिने घोषणा समेत गरेको छ । सञ्चालक शाक्यले लाउन्जबाट प्रदान गरिने सेवामा कुनै पनि प्रकारको सम्झौता नहुने प्रतिबद्धता व्यक्त गरे । मन्चिनले शशी पराजुलीसँग मिलेर यो लाउन्ज सञ्चालनमा ल्याएका हुन् । लाउन्जको उद्घाटनपश्चात् सञ्चारकर्मीसँगको कुराकानीमा ढकाल र रुम्बाले हेयर र मेकअपबारे आफ्ना अनुभव सुनाए । रुम्बाले महिनामा एकपटक कपाल काट्ने र दाह्री नियमित मिलाउने गरेको बताए । मेकअप भने आफूले विरलै गर्ने उनको भनाइ छ । उनी भन्छन्, 'फिल्मको छायांकनमा त गर्नैपर्छ । कहिले काहीँ स्टेज कार्यक्रममा जाँदा पनि गर्छु । अरु बेला चाहिँ गर्दिनँ ।' रामकृष्णले पनि मेकअप गर्न आफूलाई मन नपर्ने बताए । उनले भने, 'म कपाल र दाह्री प्राय: सैलुन गएर मिलाइरहेको हुन्छु । तर, मेकअप गर्न चाहिँ मन पर्दैन । गीतको छायांकनमा भने क्यामेराका लागि भए पनि मेकअप गर्नैपर्छ । मेकअप गर्दा मलाई एकखालको भार बोकेको जस्तो महसुस हुन्छ । तर, हामी क्यामेरा अगाडि आइरहने मान्छेलाई मेकअप जरुरी छ ।'

*-फिल्मी खबर डटकम*

# अभिनेत्री खुसीको राहुल गान्धीसँग विवाह गर्ने इच्छा



आफ्नो बोल्ड फेसन छनोटका कारण चर्चामा रहने गरेकी अभिनेत्री खुसी मुखर्जीले हालै दिएको एक बयानका कारण सामाजिक सञ्जालमा नयाँ तरङ्ग पैदा भएको छ । उनले भारतीय राष्ट्रिय कांग्रेसका नेता राहुल गान्धी आफूलाई निकै मन पर्ने कुरा खुलाएकी छिन् । राहुल गान्धीलाई विनाकारण ट्रोल गरिने गरेको उनको भनाइ छ । सञ्चारकर्मी गीतू परमारसँगको कुराकानीमा आफ्ना भावनाहरू व्यक्त गर्दै खुसीले यदि राहुल गान्धीले प्रस्ताव राखेमा आफू उनीसँग विवाह गर्न तयार रहेको समेत बताएकी छिन् । आफूमाथि हुने ट्रोलिङको प्रसंग जोड्दै उनले भनिन्, "राहुल गान्धी र हाम्रो सरकारलाई पनि निकै ट्रोल गरिन्छ । काम नभएका फुर्सदिला मानिसहरूले मात्र यस्तो काम गर्छन् ।" कुराकानीका क्रममा राहुल गान्धी मन पर्नुको कारण खुलाउँदै खुसीले विगत १० वर्षदेखि उनलाई क्यामेरा अघि र पछि पनि निकै नराम्रो तरिकाले ट्रोल गरिएको आफूले देखेको बताइन् । कुनै पनि व्यक्तिको मानसिक स्वास्थ्यलाई यसरी ठेस पुऱ्याउनु राम्रो कुरा नभएको भन्दै उनले विगत केही महिनामा आफूले पनि त्यस्तै पीडा महसुस गरेको उल्लेख गरिन् । राहुल गान्धी एक्लै र उनको विपक्षमा धेरै मानिसहरू लागेर सधैँ उनको नाममा 'मिम' बनाइने गरेको प्रति उनले दु:ख व्यक्त गरिन् । खुसीले आफूलाई राहुल गान्धीसँग निकै निकट महसुस गर्ने बताउँदै उनी शिक्षित र आकर्षक रहेको र उनले पनि एक निष्पक्ष र बराबर अवसर पाउनुपर्ने धारणा राखिन् । राहुल गान्धीको खुलेर प्रशंसा गरेपछि जब अन्तर्वार्ताकारले उनलाई "के तपाईं राहुल गान्धीमा आफ्नो भावी पतिको रूप देख्नुहुन्छ?" भनी प्रश्न गरिन्, तब खुसी लजाएकी थिइन् । ज्योतिष समेत रहेकी ती अन्तर्वार्ताकारले दुवैको कुण्डली मिलाउने कुरा गर्दा खुसीले मुस्कुराउँदै भनिन्, "यदि राहुल गान्धीले आफैँ आएर, घुँडा टेकेर र हातमा गुलाब लिएर मलाई प्रस्ताव राख्छन् भने किन नाइँ र ? उनले प्रस्ताव राखे भने म पक्कै पनि विचार गर्नेछु ।" विवादहरूमा छाइरहने अभिनेत्री खुसी मुखर्जीले हालै भारतीय क्रिकेट टोलीका स्टार खेलाडी सूर्य कुमार यादवका विषयमा पनि नयाँ खुलासा गरेकी छिन। सूर्य कुमारले आफूलाई सन्देश (मेसेज) पठाउने गरेको दाबी गर्दै उनले भनिन्, "हाम्रो बीचमा मित्रता थियो र धेरै कुराकानी पनि हुन्थ्यो । तर अहिले उनी कप्तान बनेपछि परिस्थिति फेरिएको छ ।" यसअघि खुसीले आफ्नै एउटा 'एडल्ट एप' समेत सञ्चालन गरेकी थिइन्, जसका माध्यमबाट उनले करोडौँ रुपैयाँ आम्दानी गरेको बताइन्छ ।

*-डिसी नेपाल डटकम*

# चलचित्र निर्माणमा होमिएका सङ्गीतकर्मी



नेपाली चलचित्रको रङ्गीन संसारले सधैँ नै विभिन्न क्षेत्रका व्यक्तिहरूलाई आकर्षित गर्दै आएको छ । चलचित्रको व्यावसायिक सफलतासँगै गीत-सङ्गीत क्षेत्रका स्रष्टाहरू पनि चलचित्र निर्माणमा प्रत्यक्ष रूपमा होमिन थालेका छन् । गायक, गायिका र सङ्गीतकारहरूका लागि चलचित्र क्षेत्र कुनै नौलो माध्यम होइन, गीत-सङ्गीतमार्फत चलचित्रमा प्राण भर्ने उनीहरूको भूमिका अब केवल स्वर र धुनमा सीमित छैन । अभिनय, लेखन, निर्देशनदेखि लगानी जुटाउने र चलचित्रको समग्र निर्माण प्रक्रियाको नेतृत्व (निर्माता) को भूमिकामा देखापर्न थालेका छन् । चलचित्र निर्माणमा होमिएका केही चर्चित गायक तथा सङ्गीतकारहरू यस प्रकार छन् ।व्रिष्ठ लोकदोहोरी गायक नारायाण रायमाझी पछिल्लो समय फिल्म निर्माण र निर्देशनमा पनि सक्रिय छन् । 'मलाई सम्झी रेलिमै (कार्गील)', 'फुलबुट्टे चोलीमा', 'राम्दीपूल तर्ने बित्तिकै', 'गेटमा बेली जाई', 'कालो केसमा रातो रिबन', 'पसिनाले पैसा साटेर', 'माया पैँचो नदेउ साइँली', 'लाइछौ बेसन', 'नमुछे आमा दहीमा टीका', 'हाँसेर बोलीदेऊ माया', 'सान्नानीले झुक्कायो मलाई' लगायत थुप्रै हिट गीतका गायक रायमाझी 'गार्खा पल्टन' फिल्ममा होमिएका थिए ।

२०६७ सालमा प्रदर्शन भएको उक्त फिल्ममा प्रशान्त तामाङ, रन्जिता गुरुङ, सोनिया क्षेत्री लगायतको अभिनय थियो । अहिलेसम्म तीन फिल्म निर्माण निर्देशन गरेका रायमाझीको दोस्रो फिल्म प्रशान्त तामाङ, रजनी केसी अभिनित 'परदेशी' र तेस्रो फिल्म प्रकाश सपुत, दिलीप रायमाझी, प्रशान्त तामाङ, केकी अधिकारी अभिनित 'परदेशी २' हो । रायमाझीको तीनै फिल्म बक्सअफिसमा हिट छन् । स्व. लोक गायक जयनन्त लामा कलाकार, फिल्म निर्देशक र निर्माता पनि थिए । 'चुइँ चुइँ चुइँकने जुत्ता', 'कलकत्ते काइँयो', 'मुलाको चाना' जस्ता थुप्रै लोकगीत दिएका लामाले 'माया गर्छु म', 'कर्मको फल' फिल्म निर्माण गरेका थिए । फिल्ममा लेखक तथा निर्देशकसमेत उनकै थियो । रमेश उप्रेती र अभिनेत्री झरना बज्राचार्यको मुख्य भूमिका रहेको 'माया गर्छु म'मा र 'कर्मको फल' यी दुवै फिल्म व्यावसायिक सफल भने भएन । ललितकला क्याम्पसबाट संगीतमा स्नातक र भारतको इलाहावादबाट स्नातकोत्तर गरेका उनी २०७८ मा भक्तपुरको मध्यपुरथिमि नगरपालिका-१, कौशलटारस्थित आफ्नै घरअगाडि मृत फेला परेका थिए । नेपाली चलचित्र संगीतमा सबैभन्दा लोकप्रिय र सफल संगीतकार हुन् शम्भुजित बास्कोटा । चलचित्र, सुगम संगीत होस् वा आधुनिक नै किन नहोस् उनका गीतले सांगीतिक आकाशमा एउटा सुनौलो अध्याय नै कोरेको छ । 'तिम्रो त्यो हँसिलो मुहारको झझल्को जब आउँछ', 'तिमीले भनेका सारा देव छोएर', 'पर्खि बसेँ आउँला भनी', 'फेवातालको आँगनमा लै लै' होस् वा फिल्मको आछा लेकिन लण्डनको चिसोले थुप्रै गीत हिट छन् । बास्कोटा केही वर्ष पहिले रिलिज फिल्म 'चौका दाउ'बाट निर्माता बनेका थिए । वर्षा राउत, विल्सन बिक्रम लगायतको अभिनय रहेको फिल्म बक्सअफिसमा सफल हुन सकेन । उनी अहिले नयाँ फिल्म 'टासीदेलेक: अ वे टु हेभन' निर्माणको तयारीमा छन् । यसअघि बास्कोटाले अभिनेता निखिल उप्रेतीसँग 'महागठबन्धन' पनि बनाउने चर्चा थियो । हिन्दी, मैथिली, नेपाल भाषा, उर्दू, तमिल, तेलगु, मलयालम, कन्नड, ओडिया, आसामी र सिन्धी भाषाहरूको चलचित्रमा समेत पार्श्व गायक गरेका उदितनारायण झाले हालसम्म करिब ३२ भाषाहरूमा २५,००० भन्दा बढी गीत गाइसकेका छन् । 'नजाउ नजाउ', 'चिसो चिसो हावाले', 'वनमाराले वनै खायो', 'कहिल तिम्रो पछ्यौरीमा अल्झिएँ' लगायत थुप्रै नेपाली हिट गीतका गायक झाले 'पिरती' नामक फिल्म निर्माण गरेका थिए । फिल्ममा उनको अभिनयसमेत थियो । अलवा गौरी मल्ल, शान्ति मास्के, सुभद्रा अधिकारीको समेत अभिनय रहेको फिलम उनले 'धर्मा फिल्मस् प्रालि'को ब्यानरमा निर्माण गरेका थिए । जसको निर्देशक चन्द्र प्रकाश घिमिरे थिए । गायक तथा संगीतकारको रुपमा परिचित अर्जुन कुमार फिल्म 'चपली हाइट'बाट फिल्म निर्माता बनेका हुन् । दीपेन्द्र के खनालको निर्देशन रहेको विनीता बराल, आमिर गौतम र राज घिमिरे अभिनित फिल्मलेको ग्ल्यामर दृश्यले सो समय तहल्का मच्चिएको थियो । त्यसपछि २०७० मा सौगात मल्ल, दीया मास्के लिएर 'फिटकिरी', त्यसपछि उनले 'चपली हाईट २' । सन् २०१७ मा 'फाटेको जुत्ता', २०१९ मा 'चपली हाइट ३' निर्माण गरेका उनले केही फिल्ममा असफलता प्राप्त गरे । उनको निर्माण रहेको पछिल्लो फिल्म 'सानो संसार' २०८१ मा प्रदर्शनमा आएको थियो । अर्जुन कुमारकै निर्माण निर्देशन रहेको फिल्ममा नयाँ कलाकार सीतादेवी तिमल्सेना, राज पंगेनी शर्मा, अनु दाहाललगायतको अभिनय थियो ।गायक तथा संगीतकार यस कुमार अभिनेता हुँदै फिल्म निर्माता बनेका हुन् । 'म कहिले हासेको छु,' 'बिरानो यो मन्दिरमा', 'हिजो अर्कैसँग', 'म आफ्नै इनार बनाउँछु', 'मैले भुल्न तिमीलाई' लगायत थुप्रै हिट गीतका गायक यस कुमारले तीन फिल्म निर्माण गरेका छन् । उनले निर्माण गरेको फिल्म 'बाटो मुनिको फूल', 'बाटो मुनिको फूल २' र 'छिरिङ' हुन् । यस कुमार, बाबु बोगटी, रेखा थापाको अभिनय रहेको 'बाटो मुनिको बक्सअफिसमा सफल मानिन्छ । त्यसपछि बनाएको दीलिप रायमाझी, यश कुमार, बाबु बोगटी अभिनित 'बाटो मुनिको फूल २' असफल भयो । पछिल्लो समय यस कुमारले आफ्नो निर्माण निर्देशनमा 'छिरिङ' बनाएका थिए । गायक, सङ्गीतकार, मोडल, अभिनेता हुँदै फिल्म निर्माता बनेका हुन् गायक प्रकाश सपुत । सङ्गीतको माध्यमबाट सामाजिक र राजनीतिक चेतना जगाउन उनी माहिर छन् । उनका 'गलबन्दी', 'तिम्रो मायाले मलाई पीर दियो', 'कुरा बुझ्न पर्छ', 'सकम्बरी ', 'दमाई महाराज' लगायतका गीतहरू चर्चित मान्छिन् । नारायण रायमाझीको निर्माता निर्देशन रहेको 'परदेशी २'बाट फिल्म अभिनयमा डेब्यु गरेका उनले 'पूर्णबहादुरको सारंगी' जस्तो व्यावसायिक फिल्म पनि अभिनय गरेका छन् । गत वर्ष प्रदर्शनमा आएको फिल्म 'बसन्त'बाट निर्माता निर्देशक बनेका उनलाई पहिलो गासमै ढुङ्गा भने झैँ फिल्म असफल भयो । 'बसन्त'ले फिल्म बक्सअफिसमा पानी पनि भन्न पाएन । 'बसन्त'पछि नयाँ फिल्म बनाएका छैनन् ।लोकप्रिय गायक रामकृष्ण ढकाल हालै प्रदर्शित फिल्म 'मालती मंगले'बाट फिल्म निर्माता भए । विजय बराल, मेक्सम गौडेल र वर्षा राउत अभिनित 'मालती मंगले' परिवार र सामाजिक कथा उठाएको थियो । गत २५ वैशाखदेखि प्रदर्शनमा आएको फिल्मले बक्सअफिसमा ५१ लाख ७६ हजार माथिको व्यवसाय गर्न सकेन । ढकालले धेरै पहिले 'आशीर्वाद' नाम फिल्म पनि अभिनय गरेका थिए । फिल्म तथा आधुनिक संगीतमा जमेका संगीतकार हुन् अर्जुन पोखरेल । गायकसमेत रहेका पोखरेलका संगीतले थुप्रै फिल्म बक्सअफिसमा हिट हुन मद्दत गरेको छ । चलचित्र 'दिलमाया'को शीर्ष गीत 'छुट्छ कि साथ', 'सुन्छु तिमीले मलाई'मा संगीत भरेर चलचित्र संगीतमा करिअर सुरु गरेका अर्जुनका संगीत रहेका 'तिमी रोएको पल', 'भन्छु आज मनका कुरा', 'किन आजकल', 'रहर छ सँगै', 'तिम्रो घरको वरिपरि', 'म यस्तो गीत गाउँछु' लगायता धेरै गीतहरू सर्वाधिक चर्चामा छन् । आधुनिक संगीतमा पनि थुप्रै हिट गीत दिएका पोखरेल लामो समयदेखि फिल्मकर्मी तथा गायक गायिकाको रोजाइको संगीतकारका रूपमा रहँदै आएका छन् । थुप्रै गीतमा समेत स्वर दिएका पोखरलले भर्खर फिल्म 'बेहुली' निर्माण गरेका छन् । पारस बम ठकुरी (कुलब्वाय), दिव्या रायमाझी र सुशान्त कार्की अभिनित फिल्म आगामी भदौ १२ गतेबाट प्रदर्शनमा आउँदै छ ।

*-रातोपाटी डटकम*

# विपक्षीको विरोधपछि दुवै सदनका बैठक स्थगित



**पाल्पा,** जेठ १९/प्रतिपक्षी दलहरुले लगातार विरोध जनाएपछि संघीय संसद्अन्तर्गतका दुवै सदन (प्रतिनिधि सभा र राष्ट्रिय सभा) का बैठक स्थगित भएका छन् । मंगलबार बैठक सुरु हुने बितिकै भारतको सीमा मिचेको भन्ने प्रधानमन्त्रीको अभिव्यक्तिबारे आपत्ति जनाउँदै सांसदहरूले विरोध जनाएपछि दुवै सदनका बैठक बुधबारम्मका लागि स्थगित भएका हुन् ।

निर्धारित समयभन्दा तीन घण्टा ढिलो गरेर सुरु भएको प्रतिनिधि सभाको बैठकमा प्रमुख प्रतिपक्षीलगायतका विपक्षी दलले राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताका विषयमा कुनै पनि सम्झौता हुन नसक्ने उल्लेख गर्दै प्रधानमन्त्रीले आफ्नो धारणा फिर्ता लिनुपर्ने धारणा राखेका थिए । सभामुख डोलप्रसाद अर्यालले विपक्षी दलहरुलाई कार्यसूचीमा प्रवेश गरेर सहयोग गर्न पटकपटक आग्रह गरेका थिए । बजेटलगायतका महत्वपूर्ण विषयमा छलफल गर्नुपर्ने भएकाले आसनग्रहण गरी बैठक सञ्चालनमा सहयोग गर्न उनले अनुरोध गरे । विपक्षी दलका सांसदहरुले सभामुखको आग्रहलाई अस्वीकार गर्दै विरोध निरन्तर राखेपछि बैठक यही जेठ २५ गते सोमबार बिहान ११ बजे बस्ने गरी स्थगित भएको छ । बैठकमा सभामुख अर्यालले राष्ट्रपति कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्र पढेर सुनाएका थिए । त्यसअघि केही सांसदहरुले आ-आफ्ना कुराहरु राखेका थिए । विपक्षी दलका सांसदहरुको विरोधका कारण राष्ट्रियसभा बैठक बुधबारसम्मका लागि स्थगित भएको छ । मंगलबार बैठक सुरु हुने बितिकै भारतको सीमा मिचेको भन्ने प्रधानमन्त्रीको अभिव्यक्तिबारे आपत्ति जनाउँदै सांसदहरूले विरोध जनाएपछि राष्ट्रियसभा बैठक बुधबारम्मका लागि स्थगित भएको हो । बैठकको शुरूमै आकस्मिक समय माग गर्दै राष्ट्रियसभा सदस्य तुलप्रसाद विश्वकर्माले प्रधानमन्त्री स्वयं उपस्थित भएर उक्त अभिव्यक्ति फिर्ता लिदै माफी माग्नुपर्ने माग गरे । उनले नेपाल-भारत सीमा विवादलाई अन्त्य गर्न पहल गर्नुपर्नेमा उल्टै नेपालले भारतको भूमि मिचेको भन्ने प्रधानमन्त्रीको अभिव्यक्ति नेपाल र नेपालीमाथि ठूलो दुर्भाग्य भएको बताए । त्यस्तै अन्य सदस्यहरुले पनि प्रधानमन्त्रीको सम्बोधनका सन्दर्भमा स्पष्ट पार्न माग गरेका थिए । आकस्मिक समयपछि सदस्यहरुले उभिएर विरोध जनाएपछि राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले कार्यसूचीलाई अघि बढाउनका लागि सहयोग गर्न आग्रह गरेका थिए । तर राष्ट्रियसभा सदस्यहरुले निरन्तर विरोध जनाएपछि अध्यक्ष दाहालले बुधबारसम्मका लागि बैठक स्थगित गरेका हुन् ।

## प्रधानमन्त्री बालेनको...

...प्रवक्ता पोखरेलले यस विषयमा परराष्ट्र मन्त्रालयले पनि स्पष्टीकरण दिइसकेको भन्दै भूमि सम्बन्धी सीमा विवाद मिलाउन दुई देशबिच पहिलेदेखि नै विभिन्न संयन्त्र निर्माण भएको र तिनै संयन्त्रमार्फत काम भइरहेको बताएर पन्छिने प्रयासमा लागे । कतिपय ठाउँमा भारतले उपभोग गरिरहेको भूमि नेपालमा पर्न सक्ने र नेपालले उपभोग गरेको भूमि भारतमा पर्न सक्ने कुरा तिनै संयन्त्रहरुबाट आएको पोखरेलको भनाइ छ । प्रधानमन्त्री शाहको सीमा विवादको अभिव्यक्ति आए लगत्तै परराष्ट्र मन्त्रालयले समेत शाहको अभिव्यक्तिको बचाउ गर्दै प्रेस स्टेटमेन्ट जारी गरेको थियो । परराष्ट्र मन्त्रालयले भनेको थियो 'नेपाल भारत सिमाना अन्तर्गत सुस्ता र लिम्पियाधुरा, लिपुलेक तथा कालापानी क्षेत्रमा नक्साङ्कन हुन बाँकी छ । ती स्थान बाहेक अन्य केही स्थानहरूमा (क्रस बोर्डर अकुपेसन)तथा दशगजा अतिक्रमणको समस्याहरू विद्यमान छन् ।'

## बुद्ध परिपथ क्षेत्रको...

...परियोजनाको मुख्य लक्ष्य बुद्धसँग सम्बन्धित ऐतिहासिक तथा धार्मिकस्थलको संरक्षण, पर्यटकीय पूर्वाधार निर्माण र स्थानीय समुदायलाई पर्यटनसँग जोडेर आयआर्जनका अवसर सिर्जना गर्नु रहेको छ । परियोजनामार्फत पर्यटक बसाइँ अवधि वृद्धि, स्थानीय उत्पादनको बजारीकरण तथा पर्यटनजन्य सेवा विस्तार गर्ने योजना रहेको जनाइएको छ । कपिलवस्तु नगरपालिकाका प्रमुख सुदीप पौडेलले बुद्धको जीवनसँग जोडिएका ऐतिहासिकस्थलको संरक्षण र प्रवर्द्धनबाट अन्तरराष्ट्रिय पर्यटक आकर्षित गर्न सघाउ पुग्ने विश्वास व्यक्त गरे । परियोजनाअन्तर्गत सम्पदामैत्री पदमार्ग, विश्रामस्थल, सार्वजनिक शौचालय, डिजिटल सूचना बोर्ड, सङ्केत चिह्न, खानेपानी, सरसफाइ तथा ढल व्यवस्थापनका संरचना निर्माण गरिनेछन् । साथै, स्थानीय युवालाई पथप्रदर्शकका रूपमा तालिम दिई रोजगारीका अवसर सिर्जना गर्ने कार्यक्रम पनि समावेश गरिएको छ । गन्तव्य विकास र पर्यटन व्यवस्थापनसम्बन्धी काम संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, लुम्बिनी विकास कोष तथा नेपाल पर्यटन बोर्डले समन्वय गर्नेछन् भने भौतिक पूर्वाधार निर्माणको जिम्मेवारी सहरी विकास तथा भवन निर्माण विभागले लिनेछ । लुम्बिनी सांस्कृतिक नगरपालिकाकी कार्यवाहक प्रमुख कल्पना हरिजनले परियोजनाले लुम्बिनी क्षेत्रमा पर्यटकको बसाइँ अवधि बढाउन र स्थानीय अर्थतन्त्र चलायमान बनाउन महत्वपूर्ण योगदान पुग्ने बताइन् । पर्यटन व्यवसायीहरूले पनि परियोजनाको प्रभावकारी कार्यान्वयन भए बुद्ध जन्मस्थल लुम्बिनी तथा आसपासका क्षेत्रको पर्यटन विकासमा नयाँ आयाम थपिने विश्वास व्यक्त गरेका छन् । हाल लुम्बिनी मुलुककै प्रमुख पर्यटकीय गन्तव्य भए पनि पर्यटकको बसाइँ अवधि छोटो रहेकाले त्यसलाई बढाउन पूर्वाधार तथा सेवा विस्तार आवश्यक रहेको व्यवसायीको भनाइ छ । *-रासस*

### खेलकुद समाचार

## भारतमा जी इन्टर टेनमेन्टले प्रसारण गर्ने



**काठमाडौं,** जेठ १९/भारतमा जी इन्टरटेनमेन्टले फिफा विश्वकप फुटबल २०२६ को प्रसारण गर्ने भएको छ । जी इन्टरटेनमेन्टले विश्वकप २०२६ र २०३४ सम्म ३८ अन्य फिफा कार्यक्रमहरू प्रसारण गर्ने अधिकार सुरक्षित गरेको समाचार संस्था रोयटर्सले जनाएको छ । योसँगै विश्वको प्रमुख बजारमध्य एक भारतमा प्रतियोगिताको उपलब्धतालाई लिएर महिनौं लामो गतिरोध समाप्त भएको छ । यद्दपि जी इन्टरमेन्टले कति मूल्यमा प्रसारण अधिकार किनेको भन्ने सार्वजनिक भएको छैन । विश्व फुटबलको सर्वोच्च निकाय फिफाले शुरूमा २०२६ र २०३० को विश्वकपलाई समेट्ने भारत प्याकेजका लागि झन्डै १० करोड डलर खोजेको थियो तर पछि ६ करोड डलरमा घटाएको थियो । अमेरिका, क्यानडा र मेक्सिकोमा यही जेठ २९ गतेदेखि प्रतियोगिता शुरू हुनुभन्दा १० दिनअघि यो सम्झौता भएको हो । पहिलो पटक विश्वकप ३ वटा देशले संयुक्त आयोजना गरेका हुन् । यस पटकदेखि ४८ वटा टोलीले प्रतिस्पर्धा गर्दैछन् । सहभागी टोलीलाई १२ वटा समूहमा छुट्याइएको छ । यस्तै नेपालमा हिमालय स्पोर्ट्स टिभी र डीगो एपमार्फत फिफा विश्वकप प्रसारण हुने भएको छ ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## नेप्से सामान्य अङ्कले बढ्यो



**पाल्पा,** जेठ १९/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार भने उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से परिसूचक २२.२१ अङ्कले उकालो लागेर दुई हजार ७७७.५८ मा पुगेको छ ।

यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.७८ अङ्कले उकालो लागेर ४७३.५१ मा पुगेको छ । कुल ३४६ कम्पनीको एक करोड १३ लाख ८५ हजार १०० कित्ता शेयर रु पाँच अर्ब २६ करोड ५२ लाख ७५ हजार २९९ मूल्यमा खरिद बिक्री भएको छ । कारोबारका आधारमा आँखुखोला जलविद्युत् कम्पनी शीर्षस्थानमा छ । नेपाल पुनर्बीमा कम्पनी, रिडी पावर कम्पनी, सेन्ट्रल फाइनान्स र हिमालयन रिइन्स्योरेन्स शीर्षस्थानमा रहेका छन् । यस्तै, कालिञ्चोक हाइड्रोपावर, सेन्ट्रल फाइनान्स, क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स, नेपाल पुनर्बीमा कम्पनी र गुर्खाज फाइनान्सका लगानीकर्ताले कमाएका छन् । यस्तै, नबिल डिवेञ्चर, बुङ्गल हाइड्रोपावर, झापा इनर्जी, आत्मनिर्भर लघुवित्त र बोटलर्स नेपाल बालाजुका लगानीकर्ताले भने गुमाएका छन् ।

### जिल्ला अदालत पाल्पाबाट जारी भएको २१ दिने सूचना

श्री पाल्पा जिल्ला अदालतबाट जारी भएको पाल्पा जिल्ला रामपुर नगरपालिका वडा नं.३ घर भई हाल माईतीघर गुल्मी जिल्ला कालीगण्डकी गाउँपालिका वडा नं १ हर्मिचौर भर्दालकोट बस्ने माधव सापकोटाको छोरी चोला प्रसाद डोटेलको छोरा बुहारी सुमन डोटेलको पत्नी ईन्दिरा सापकोटा (डोटेल) (मोवाईल नं ९८६६५७७०७७) का नाउँको ईतलायनामा म्याद:-

वादी सुमन डोटेल र प्रतिवादी तपाई ईन्दिरा सापकोटा भएको मुद्दा नं: ०८२-CP-०२५९ को सम्बन्ध विच्छेद मुद्दामा तपाईका नाउँमा जारी भएको सुरु म्याद बेपत्ते तामेल भई आएकोले यस अदालतबाट मिति २०८३/०१/२९ गते तपाईको नाउँमा पुन: राष्ट्रिय स्तरको दैनीक समाचारपत्रमा ईतलायनामा म्याद जारी गर्ने भन्ने आदेश भएकोले मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा १०५ बमोजिम यो म्याद सूचना प्रकाशित गरिएको छ । यो म्याद सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काईस) दिन भित्र भए सबुत प्रमाण समेत लिई अदालत खुलेको समयमा तपाई स्वयं आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी वा कानून व्यवसायी मार्फत प्रतिउतरपत्र साथ यस अदालतमा हाजिर हुन आउनुहोला । म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ ।

*इति सम्वत् २०८३ साल जेठ महिना १३ गते रोज ४ मा शुभम्...*


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई